दुल्लू नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दुल्लू दैलेख

कर्णाली प्रदेश नेपाल

**विषयः सडक मर्मत सम्भार सम्बन्धी सिलवन्दी दररेट पेश गर्ने सम्वन्धी सूचना।**

**प्रथम पटक सूचना प्रकाशन मिति :२०८२।०५।०९**

यस नगरपालिकाको लागि चालु आ.ब.२०८२/०८३ मा नगरपालिका अन्तर्गतका सडकहरु मर्मत सम्भार कार्य गर्न दररेट कायम गर्नु पर्ने भएकाले ईच्छुक निर्माण व्यावसायी फर्महरुले प्रति घनमिटर के कति दररेटमा सडक मर्मत सम्भारको कार्य गर्न सकिने हो सोका लागि तोकिएको समयभित्र रितपूर्वकको सिलबन्दी दररेट पेश गर्नुहन सूचित गरिन्छ।

तपसिल :

१. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र दररेट पेश गर्नका लागि आवश्यक कागजात यस कार्यालयवाट लिई सक्नु पर्ने छ वा कार्यालयको Website: www.dullumun.gov.np वाट फर्म डाउनलोड गरी दररेट संग सम्वन्धी फाराम भरी ८ औं दिनको १२:०० बजे भित्र सिलवन्दी दररेट पत्र दर्ता गर्न सकिने छ। सिलवन्दी दररेट पत्र साथ फर्म दर्ता तथा नविकरण प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता भएको प्रमाण पत्र र आ.व.२०८०/०८१ (सम्भव भए आ.ब.२०८१/०८२को) सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपिहरु र सडक मर्मत सम्भार,निर्माण कार्यमा प्रयोग हुने सवारी साधन डोजर वा यस्काभेटरको विमा कायम गरी नविकरण भएको सवारी दर्ता प्रमाणपत्र, सवारी चालक अनुमति पत्र अनिवार्य संग्लन गर्नु पर्ने छ।

२. सिलवन्दी दररेट फारमको प्रत्येक पानामा सहिछाप गरी प्रत्येक आइटमको दररेट अंक र अक्षर दुवैमा प्रष्ट लेखी सिलबन्दी गरी पेश गर्नुपर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ।

३. उल्लेख गरेको विवरण गल्ती भई सच्याउनु पर्ने भएमा खुर्कने,मेट्ने वा टिपेक्स लगाउने कार्य नगरी पढ्न सकिने गरी एउटा धर्सोले काटी विवरण थप्नुपर्ने भएमा थप गर्ने र थप गरेको तथा काटेको स्थानमा पछि थपघट गर्न नमिल्ने गरी अगाडी पछाडी हस्ताक्षर गरेको हुनुपर्नेछ। सो बमोजिम नभएको प्रस्तावलाई मान्यता दिईने छैन।

४. दररेट पेश गर्दा सम्वन्धित निर्माण व्यावसायी फर्मले चालु आ.व.०८२।०८३ को स्वीकृत जिल्ला दररेट भन्दा बढी पेश गर्न पाईने छैन। यदि स्वीकृत जिल्ला दररेट भन्दा बढीको दररेट पेश भएमा उक्त फर्मले पेश गरेको दररेट मूल्यांकनमा समावेश गरिनै छैन।

५. रित नपुगी आएमा वा म्याद गुज्री आएको वा अन्य शर्त राखी पेश हुन आएका दररेटमा मुल्याकंनमा समावेश गरिनेछैन।

६. दररेट पुर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

२०८२।०५।०९

प्रमुख प्रशासकीय अधिकृत